फोन नं. (Tel.No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

पत्र संख्याः २०७९/८०

मितिः २०७९/०४/२६

## प्रेस विज्ञप्ती

मिति २०७९/०४/२४ गते राति परेको अविरल वर्षा पछि आएको बाढी, पहिरो र डुवानको कारणले यस नगरपालिकाको विभिन्न ठाउँहरुमा बाली, पशु धन लगायत भौतिक संरचनाको ठूलो क्षति भएको छ ।उक्त विपदको घटनाप्रति नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

विपदको सूचना प्राप्त क्षेत्रहरुमा नगर प्रमुख, नगर उप-प्रमुख, वडाका जनप्रतिनिधिहरु, कर्मचारी तथा नगर प्रहरी सहित स्थलगत रुपमा खटिएर उद्धारको कार्य गरिएको र बाढी तथा पहिरोबाट भएको क्षतिको विवरण संकलन कार्य भइरहेको छ । क्षतिको विवरण प्राप्त हुनासाथ नगरपालिकाबाट तत्काल राहत तथा पुनस्थापनाको अत्यावश्यक कार्य अगाडि बढाइएको छ । प्राकृतिक प्रकोप अझै साम्य नभई सकेकोले प्रभावित क्षेत्रका स्थानीय बासीहरुलाई सुरक्षित रहनुहुन साथै पीडित परिवारलाई तत्काल उद्धार र राहत कार्यमा आवश्यक सहयोग गर्नुहुन सम्पूर्ण नगरबासीहरुलाई अपिल गर्दछौं । दीर्घकालीन रुपमा नदी नियन्त्रण सहित विपद न्यूनीकरणका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक योजना तथा कार्यक्रम अगाडि बढाइने व्यहोरा अनुरोध गर्दछौं ।

भोज राज घिमिरे
(प्रमुख प्रशासकीय अधिकृत)